राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३४९ | २०८३ भाद्र १५ गते सोमवार | (Monday, 31 Aug., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

## विनाशकारी बाढीको कहरले रोइरहेछ देश

# आँसुको भारी, मन गाँठो पारी...



द पब्लिक टुडे समाचारदाता

*ढल्केवर, भाद्र १४ गते ।*

भोटेकोशीको विनाशकारी बाढीले रसुवासहितका क्षेत्रमा छाडेको पीडाको गहिराइ अझै मापन गर्न सकिएको छैन । नदीको भेलसँगै बगेका घर, सडक र संरचनाभन्दा ठूलो क्षति परिवारका सपनामा भएको छ । कोही आफ्ना मान्छेको खोजीमा छन्, कोही आफन्तको शव पहिचानको प्रतीक्षामा ।

भदौ १० गते भोटेकोशीमा आएको विनाशकारी बाढीले रसुवा हुँदै त्रिशूली करिडोरसम्म मानवीय क्षतिको अकल्पनीय दृश्य छाडेको छ । आईतबार यो समाचार तयार पार्दासम्म बाढीमा बेपत्ता भएकामध्ये ७८८ जनाको शव फेला परेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

हालसम्म दुई हजार ७६२ जनाको उद्धार गरिएको प्रहरीले जनाएको छ । हजारौं मानिस अझै सम्पर्कविहीन छन् । नेपाल प्रहरीलगायत सुरक्षा निकाय खोज तथा उद्धारमा परिचालन भइरहेका छन् ।

बाढीले बगाएकामध्ये हालसम्म सबैभन्दा बढी चितवनमा २६४ जनाको शव भेटिएको छ । त्यस्तै, रसुवामा १३, धादिङमा ५०, गोरखामा ५८, नवलपरासी पूर्वमा १९४, नुवाकोटमा ५२, तनहुँमा ३७ र नवलपरासी पश्चिममा १२० जनाको शव भेटिएको प्रहरीले जनाएको छ ।

तर यी तथ्यांकभित्र लुकेको पीडा कुनै अंकले बताउन सक्दैन । बाढीले कसैको श्रीमान् लगेको छ, कसैको श्रीमती । कसैको बुबा, कसैकी आमा । कसैको भाइ, कसैकी बहिनी । अनि कसैका लागि त सिंगो परिवार नै नदीको भेलमा हराएको छ ।

कतिपय परिवार अझै पनि आफ्ना प्रियजन फर्किने आशामा बाटो हेरिरहेका छन् । शव पहिचानको कठिनाइले पीडित परिवारको प्रतीक्षालाई झनै पीडादायी बनाएको छ । आँसुको भारी बोकेर, मन गाँठो पारेर उनीहरू आफ्ना मान्छे खोजिरहेका छन् ।

### चार सुरुङमा उद्धार प्रयास

माथिल्लो त्रिशूली-३ 'बी' मा १२२ जना, त्रिशूली-३ 'ए' मा ४२ जना र चिलिमे

- बाँकी पृष्ठ ३ मा

## 'सरकार हरेक प्रभावित नागरिकको अभिभावक बनेर उभिन्छ'



**गौशाला :** प्रधानमन्त्री वालेन्द्र शाहले एकता र सामूहिक प्रयासबाट नै यस संकटलाई परास्त गर्न सफल हुनेमा आशा व्यक्त गरेका छन् ।

आइतबार साँझ सामाजिक सञ्जाल फेसबुकमा लेख्दै प्रधानमन्त्री शाहले रसुवाको भोटेकोशी नदीमा गएको बाढीबाट सिर्जित संकट समाधानमा सरकार हरेक प्रभावित नागरिकको अभिभावक बनेर उभिएको बताए ।

प्रभावित प्रत्येक व्यक्तिसम्म राहत पुऱ्याउने र पुनर्निर्माण तथा पुनर्स्थापनाको कार्यलाई पूर्ण नतिजा नआएसम्म निरन्तर जारी राख्ने उनले प्रतिबद्धता जनाए । 'विगत पाँच दिनदेखि हाम्रो देशले अकल्पनीय र हृदयविदारक प्राकृतिक विपद्को सामना गरिरहेको छ । रसुवाको भोटेकोसी नदीमा गएको भीषण बाढीले पुऱ्याएको जनधन तथा भौतिक क्षतिको पूर्ण विवरण संकलन गर्न अझै चुनौतीपूर्ण बनिरहेको छ । प्रतिकूल मौसम, जटिल भूगोल र लगातारको जोखिमका कारण यो काम चुनौतीपूर्ण भए पनि हामी दृढताका साथ नागरिकको जीवनरक्षाका लागि अघि बढिरहेका छौँ', प्रधानमन्त्री शाहले भने ।

उनले सम्पूर्ण राज्य संयन्त्रलाई युद्धस्तरमा परिचालन गरेर प्रभावित क्षेत्रका प्रत्येक नागरिकको जीवनरक्षा र राहतमा अहोरात्र खटिरहेको बताए । 'आफ्ना प्रियजन, घरबार र जायजेथा गुमाउँदाको पीडाभन्दा ठूलो अन्य केही हुन सक्दैन । आफ्ना नागरिकहरू संकटमा परेको यस दुःखी घडीमा सरकार अत्यन्तै गम्भीर,

- बाँकी पृष्ठ ३ मा

विपद्मा परेकालाई साथ दिऔं, मानवीयताको हात बढाऔं !

सहयोगका लागि

SCAN ME!

Prime Ministers Disaster Relief Fund

अनुरोधकर्ताः

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.

**मधेशको कैलास टुटेश्वर :**

# भाइरल ज्वरोले थलियो बरडाडा

## बाटो नहुँदा फर्किए डाक्टर, सिटामोल ताक्दै विरामी

राजकरण महतो

*बर्दिबास, भाद्र १४ गते ।*

महोत्तरीको बर्दिबास नगरपालिका-५ बरडाडामा पछिल्ला केही दिनयता बालबालिकामा भाइरल ज्वरो फैलिएको छ । ज्वरोका कारण श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा अध्ययनरत करिब ७५ प्रतिशत विद्यार्थी विद्यालय आउन सकेका छैनन् ।

विद्यालयका प्रधानाध्यापक बिल्टु यादवका अनुसार विद्यालयमा करिब ७५ जना विद्यार्थी अध्ययनरत रहेकामा पछिल्लो समय दैनिक २७ जनाको हाराहारीमा मात्रै विद्यार्थी विद्यालय आउने गरेका छन् । अधिकांश विद्यार्थी ज्वरो र अन्य स्वास्थ्य समस्याका कारण घरमै बस्न बाध्य छन् ।

तर, गाउँमै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी नहुँदा बिरामी बालबालिकाले सहज उपचारसमेत पाउन सकेका छैनन् । सामान्य ज्वरो आउँदा प्रयोग गरिने सिटामोलसमेत सहज रूपमा उपलब्ध नहुने अवस्था रहेको स्थानीयको गुनासो छ ।

बरडाडामा स्वास्थ्य संस्था सञ्चालन गर्ने उद्देश्यले विद्यालय नजिकै ६-७ वर्षअघि नै भवन निर्माण गरिएको थियो । तर, भवन बनेको वर्षौं बितिसक्दा पनि स्वास्थ्यकर्मी नआउँदा स्वास्थ्य केन्द्र सञ्चालनमा आउन सकेको छैन ।

स्थानीय पञ्चबहादुर गोलेका अनुसार स्वास्थ्य केन्द्र सञ्चालनमा आए बरडाडा र आसपासका करिब २५० घरधुरी प्रत्यक्ष लाभान्वित हुनेछन् । 'भवन बनेको यति धेरै वर्ष भइसक्यो, तर स्वास्थ्यकर्मी र सेवा अझै आएन,' उनले भने ।

बिरामी पर्दा स्थानीय पाँच किलोमिटरभन्दा बढी दूरी पार गरेर टुटेश्वर वा बर्दिबास पुग्नुपर्ने बाध्यता छ । त्यसमा पनि वर्षायाममा माण्डवी (गङ्गा मरहा खोला) मा बाढी आएपछि आवतजावत नै प्रभावित

- बाँकी पृष्ठ ३ मा

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# राहत र पुन:स्थापनामा सरकारको परीक्षा

विपत्तिले मानवीय संवेदनशीलताको परीक्षा लिन्छ । यतिबेला नेपाली समाजले यही मानवीय चरित्र प्रदर्शन गरिरहेको छ । भोटेकोशी बाढीबाट प्रभावित नागरिकका लागि देशका विभिन्न स्थानबाट खाद्यान्न, कपडा, श्रम तथा आर्थिक सहयोग जुटिरहेको छ । दु:खमा परेका नेपालीप्रति गरिएको यस्तो सहयोग केवल आर्थिक सहायता होइन, मानवीय ऐक्यबद्धता र राष्ट्रिय एकताको सन्देश पनि हो । राज्यका लागि नागरिकले देखाएको यो नैतिक सहयोग प्रशंसनीय छ ।

सरकारले नागरिक, निजी क्षेत्र, सामाजिक संघसंस्था तथा गैरसरकारी क्षेत्रबाट प्राप्त सहयोगलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी ढंगले परिचालन गर्नुपर्छ । राहतका नाममा हुने दोहोरोपन, अपव्यय वा दुरुपयोग रोक्दै वास्तविक पीडितको आवश्यकता र प्राथमिकताका आधारमा सामग्री तथा आर्थिक सहायता पुऱ्याउनुपर्छ । विगतका विपद्मा राहत वितरणमा देखिएको अव्यवस्था यसपटक दोहोरिनु हुँदैन । कतै अत्यधिक राहत थुप्रिने र कतै पीडितले आवश्यक सामग्रीसमेत नपाउने अवस्था अन्त्य गर्न स्थानीय तहसँग प्रभावकारी समन्वय आवश्यक छ । क्षतिको यथार्थ र अद्यावधिक तथ्यांक तयार गरी त्यसकै आधारमा राहत वितरण गरिनुपर्छ । सार्वजनिक रूपमा प्राप्त भएको सहयोग र त्यसको वितरणको विवरणसमेत नागरिकले थाहा पाउने गरी सार्वजनिक गर्नुपर्छ ।

भोटेकोशी बाढीपीडितको उद्धार कार्य सम्पन्न हुन लागेसँगै अब राहत र पुन:स्थापनाको चुनौती सुरु भएको छ । घरबार गुमाएका परिवारको पुन:स्थापना, जीविकोपार्जनको व्यवस्था र क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण दीर्घकालीन योजनासहित अघि बढाउनुपर्छ । उद्धारमा देखाएको तत्परतालाई राहत र पुन:स्थापनामा पनि निरन्तरता दिनु अब सरकारको मुख्य परीक्षा हो । विपत्तिमा नागरिकलाई राज्य उनीहरूको साथमा छ भन्ने अनुभूति गराउने गरी सरकारले आफ्नो सम्पूर्ण क्षमता, स्रोत र संयन्त्र परिचालन गर्नुपर्छ ।

## राशिफल

मेष - लक्ष्यमा पुर्याउनेछ ।
वृष - फाइदा उठाउन सकिनेछ ।
मिथुन - धन र बुद्धि खर्चनुपर्ला ।
कर्कट - उपलब्धि हातलागी हुनेछ ।
सिंह - काम हातपार्न सकिनेछ ।
कन्या - स्वास्थ्य भने कमजोर रहनेछ ।
तुला - इनाम हातलागी हुनेछ ।
वृश्चिक - कमजोरीमा सुधार आउनेछ ।
धनु - जग बसाउने मौका छ ।
मकर - चिन्ता बढाउन सक्छ ।
कुम्भ - उपलब्धि दिलाउनेछ ।
मिन - काम शुभारम्भ हुन सक्छ ।

# संघले प्रदेश र स्थानीय सरकारसँग समन्वय नगरेपछि रविको हस्तक्षेप !

■ रमेश सापकोटा




रसुवा बाढीको प्रलयकारी विध्वंसपछि केन्द्र सरकारले आवश्यक समन्वय नगरेपछि रास्वपा सभापति रवि लामिछाने आफैँ अग्रसर भएका छन् । सरकारले हेलिकोप्टर उडाएर सिंगो ध्यान बाढीमा फसेका, अलपत्र परेकाको उद्धारमा लगाएको छ । तर, उद्धारसँगै राहतसहितका काममा प्रदेश स्थानीय सरकारसँग आवश्यक समन्वय नगरेको हो । सरकारसँग प्रश्न उठिरहेका बेला सरकारकै नेतृत्व गरेका दलका सभापति रवि लामिछानेले हस्तपेक्षको नीति लिएका छन् ।

समन्वय अभावमा बाढीपीडितका लागि काम गर्न नसकिएको प्रदेश र स्थानीय सरकारको गुनासो छ । समन्वय अभाव भएको गुनासो बागमतीका मुख्यमन्त्री किरण थापाले गरेका थिए । उनले संघ सरकारले गरेको काममा प्रदेशसँग समन्वय नगरेको, कामको प्रकृति नछुट्याएको जस्ता गुनासो गरेका थिए । यस्ता विषयमा उनले प्रधानमन्त्रीकै ध्यानाकर्षण गराउन खोजेका थिए । तर समय नपाएपछि उनले रास्वपाको केन्द्रीय कार्यालय वनस्थली पुगेरै सभापति रवि लामिछानेको गम्भीर ध्यानाकर्षण गराएका हुन् ।

प्रधानमन्त्री प्रभावित क्षेत्रमा जाँदासमेत प्रदेश सरकारले जानकारी नपाएकोमा थापाले दु:ख व्यक्त गरेको सभापति लामिछानेकै सचिवालयले जनाएको छ । संघ सरकारले आवश्यक र न्यूनतम समन्वय पनि नगरेपछि मुख्यमन्त्री थापाले तीन तहका सरकारका कामलाई छुट्याउन आवश्यक रहेको भन्दै लामिछानेको ध्यानाकर्षण गराएका हुन् ।

तत्कालीन राहतको मात्रै नभएर अब खोला किनारको बस्ती स्थानान्तरण गर्नुपर्ने भएकाले प्रारम्भिक राहतदेखि योजनाबद्ध काम थाल्नुपर्ने भए पनि न्यूनतम छलफल नै नगरिएको गुनासो गरेका हुन् । प्रभावित क्षेत्रमा राहत पठाउन नसकिएको, पठाएको राहत बट्टार क्षेत्रमा जम्मा भएको र त्यसभन्दा माथि पुऱ्याउन असहज भएको बताए । रसुवाको धुन्चे पुग्ने वैकल्पिक मार्गसमेत प्रदेश सरकारले अग्रसरतामा खुलेको थियो ।

जवाफमा सभापति लामिछानेले आफू संघ र प्रदेशका सरकारबीच समन्वय गर्न तयार रहेको बताए । सबै सरकारले समन्वय गरेर काम गर्नुपर्ने उनको भनाइ थियो । संघीय सरकारलाई आवश्यक सम्पूर्ण सहयोग र समन्वयका लागि ध्यानाकर्षण गराउने रविको भनाइ थियो । यद्यपि, उनले बीचमा रहेकाले प्रदेश सरकार आफैँले पनि संघ र स्थानीय सरकारबीच समन्वय गरेर बाढीपीडितको पक्षमा काम गर्नुपर्ने बताए ।

**विदुरकी उपप्रमुख भन्छिन्– समन्वय नै छैन**

बाढीबाट प्रभावितमध्ये नुवाकोटको विदुर नगरपालिकाकी उपप्रमुख प्रभा बोगटीले पनि संघ सरकारले न्यूनतम समन्वय पनि नगरेको बताइन् ।

'हामीले सक्दो प्रयास गरेका छौँ । जिल्लामा सर्वपक्षीय बैठक राखेर कसरी काम गर्न सकिन्छ भनेर छलफल भएको छ । किनकि यो विपत्तिमा हामी केन्द्र सरकारको मात्रै मुख ताकेर बस्ने पक्षमा छैनौँ । सरकार एक्लैले पार लगाउन पनि सक्दैन,' उनले शिलापत्रसँग भने, 'आपसी समन्वयको कमी देखिएको छ । किनकि ठूलो मानवीय समस्या परेपछि जति समन्वय गरेर काम गरियो, त्यति प्रभावकारी हुन्छ । कसरी काम गर्दा छिटो उद्धार र राहतको काम गर्न व्यावहारिक हुन्छ ?'

सरकारले एक्लै गरेरभन्दा सबैसँग समन्वय गर्न सक्दा मात्रै यो संकट सहज रूपमा पार लगाउन सकिने उनको भनाइ छ । 'यो विपत्पछिको अवस्थालाई सरकार एक्लैले पार लगाउन सक्दैन । हामी पनि स्थानीय सरकार हौँ,' उनले भनिन्, 'सरकारले आवश्यक समन्वय गर्ने १०/१५ जना सुरक्षाकर्मी दिए स्थानीय व्यक्ति, स्थानीय दलका प्रतिनिधि लिएर हामी पनि फिल्डमा समन्वय गर्न सक्छौँ ।'

समयमा आवश्यक न्यूनतम समन्वय अभावले उद्धार, राहत, शव संकलन, व्यवस्थापनसहितका काममा प्रभाव परेको उनको भनाइ छ । त्रिशूलीको गर्मीमा शवको व्यवस्थापन र खोजीको काम चुनौतीपूर्ण बनेको उनी बताउँछिन् ।

**असन्तुष्ट पालिका अध्यक्षसँग पनि रविको संवाद**

यसैबीच, सरकार हेलिकोप्टरमा मात्रै देखियो भनेका उत्तरगया गाउँपालिका रसुवाका अध्यक्षसँग रविले टेलिफोन कुराकानी गरेका छन् । यसअघि उनले उद्धारमा हेलिकोप्टर उडे पनि प्रभावित क्षेत्र सबैतिर नपुगेको भन्दै आपत्ति जनाउँदै सामाजिक सञ्जालमा लेखेका थिए ।

'प्रधानमन्त्रीको पोस्ट पढ्दा संघीय सरकार आकाशमा र सामाजिक सञ्जालमा मात्र देखिन्छ, भुईंमा जनताले सरकारको अनुभूति गर्न पाएका छैनन्,' उनले भनेका थिए । त्यसपछि सभापति लामिछानेले उत्तरगया, गोसाइँकुण्डका अध्यक्ष कैसाङ नुर्पु तामाङ, आमाछोदिङमोका अध्यक्ष बुचुङ तामाङ, कालिकाका अध्यक्ष हरि कृष्ण देवकोटासहितसँग टेलिफोन संवाद गरेका हुन् । उनीहरू सबैले शव व्यवस्थापन, विद्युत् आपूर्ति पहुँचमार्ग खुलाउने र निर्माणको विषयलाई प्राथमिकतापूर्वक उठाएका थिए । उनीहरूले प्रदेश, स्थानीय सरकार, सुरक्षा संयन्त्रदेखि राजनीतिक दलको समेत साथ लिएर विपत्मा खटिनुपर्ने भन्दै लामिछानेको ध्यानाकर्षण गराएका थिए ।

बाढीबाट फसेकाको उद्धारलाई सरकारले प्राथमिकता दिएको जस्तो होलिकोप्टर उडानबाट देखिन्छ । तर, अझै हाइड्रोपावरको सुरुङमा सयौँ प्राविधिक र कामदार फसेका छन् । उनीहरूको उद्धार अझै हुन सकेको छैन । मुख्यगरी रसुवाका उत्तरगया, गोसाइँकुण्डका धेरै क्षेत्रमा उद्धार, न्यूनतम राहतजस्ता विषयमा सरकारले आवश्यक अग्रसरता र समन्वय नै नगरेको गुनासो निरन्तर बढेको छ । पालिका अध्यक्ष, वडाध्यक्ष मात्रै होइन प्रभावित क्षेत्रका स्थानीयदेखि बेपत्ताका आफन्तले समेत न्यूनतम समन्वय पनि सरकारले गर्न नसकेको भन्दै प्रश्न उठाएका हुन् ।

धादिङमा त रास्वपा सांसद आशिका र तामाङ र स्थानीय जनप्रतिनिधिबीच तनाव नै उत्पन्न भएको छ । राहत थुप्रिए पनि स्थानीय जनप्रतिनिधिले बाँड्न नसकेको आरोप उनले लगाएकी थिइन् । तर, वडाध्यक्षसहितका जनप्रतिनिधिले संघ सरकारबाट आवश्यक समन्वयको अभावले आफूहरूले काम गर्न नपाएको गुनासो गरेका छन् ।

**उद्धारमै बढी केन्द्रित सरकार**

सरकार अझै पनि विभिन्न सुरुङमा फसेकालाई उद्धार गर्नमा केन्द्रित छ । सरकारको आधिकारिक फेसबुक, फेज, ह्वाट्सअप ग्रुपमा पनि उद्धारमा भएका विषयको अपडेटलाई प्राथमिकता दिएको देखिन्छ । आइतबार रसुवा बाढी प्रभावित रसुवा र नुवाकोटमा सम्पर्कका लागि २० थान स्याटेलाइट फोन राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई हस्तान्तरण गरेको सरकारको भनाइ छ ।

संघसँगै जोखिममा काम गर्ने प्राधिकरण छ, विपत्पछि उठाइएको अर्बभन्दा बढी नगद छ, सिंगो सुरक्षासंयन्त्र र प्रशासन छ । तर पनि उचित समन्वयको अभावमा प्रश्न पनि निरन्तर उठ्दो छ । सामाजिक सञ्जालमा सरकार समर्थितले हल्ला धेरै गरे पनि फिल्डमा अलग स्थिति रहेको बताइन्छ ।

**स्थानीयको आक्रोश**

प्रदेशदेखि पालिकासम्मले मात्रै होइन, स्थानीयहरूले पनि उत्तिकै आक्रोश व्यक्त गरेका छन् । बाढीमा आफन्त गुमाएका नुवाकोट सोलेका अश्विन रैलाले दु:खसँगै आक्रोश पोखे । 'यो दु:खको बेला हामीलाई राहत होइन, उद्धार र बेपत्ताहरूको खोजी चाहिएको छ । सरकार, स्थानीय पालिका र वडा सरकारहरू के गर्दै छन् ?' भन्ने प्रश्न गर्दै उनले भने, 'जुन पार्टीप्रति हामी आस्था राख्थ्यौँ, ती पार्टीका दाइदिदीहरूको व्यवहार देखेर हामी निकै दु:खी छौँ । यो अवस्थाले अब हामी आफ्नो आफन्त र मानवता भएकाहरूसँग मात्र संगत गर्न सिकाएको छ । अबको साइनो यस्तैसँग मात्र हुनेछ ।'

**आफ्नै सांसदलाई रविको निर्देशन**

रास्वपाका सांसदहरू बाढीपछि टुरिस्टको शैलीमा बाढीप्रभावित क्षेत्रमा पुगेपछि सभापति रवि लामिछानेले अत्यावश्यकबाहेक प्रभावित क्षेत्रमा नबस्न निर्देशन दिएका छन् । सांसदहरूसँग ब्रिफिङ लिने क्रममा आइतबार रविले सांसदहरूलाई यस्तो निर्देशन दिएका हुन् ।

उद्धार र राहतबारे नेतासहितका सांसदसँग ब्रिफिङ लिने क्रममा उनले यस्तो निर्देशन दिएका हुन् । रास्वपाका केही सांसद प्रभावित क्षेत्रमा पुगेर फोटो खिचाएपछि सामाजिक सञ्जालमा विरोध भएको थियो । विपत्तिको बेला टुरिस्टको शैलीमा प्रभावित क्षेत्रमा पुगेको भन्दै सांसदसहितका नेताको आलोचना भएको हो ।

**कांग्रेसको पनि गम्भीर ध्यानाकर्षण**

तीन तहकै सरकारबीच समन्वय अभाव भएपछि प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले पनि सरकारको गम्भीर ध्यानाकर्षण गराएको छ । पदाधिकारी र काठमाडौंमा उपलब्ध केन्द्रीय सदस्यको बैठकपछि कांग्रेसले तीनै तहका सरकारबीच आपसी समन्वय नभए विपत्को काम कठिन हुने निर्णय गरेको हो । 'नेपाली कांग्रेसले विपद व्यवस्थापनमा स्थानीय सरकार र प्रदेशसँग समन्वय गर्न यसअघि पनि ध्यानाकर्षण गराउँदै आएको छ । विपत्मा स्थानीय सरकार अग्र भागमा रहने सरकार हो । नेपालको संविधान, कानुन र व्यवस्थापनका दृष्टिकोणले पनि स्थानीय सरकार जनताको नजिकको सरकार हो,' कांग्रेसले भनेको छ, 'स्थानीय समस्या नजिकबाट बुझेको सरकारमार्फत व्यवस्थापन गर्दा नै त्यो प्रभावकारी हुन्छ भन्ने कुरा विगतका विपत्ले समेत पुष्टि गरेको छ । एकीकृत ढंगबाट तहगत सरकार, निजीक्षेत्र र समुदायको सहभागितामा उद्धार, पुनर्स्थापना र राहत वितरणको कार्य पारदर्शी र विश्वसनीय ढंगले काम गर्नुपर्छ ।'

# रसुवा बाढीबाट जोगिइन् भारतीय अभिनेत्री मानसी

एजेन्सी

*मुम्बई, भाद्र १४ गते ।*

नेपालमा आएको आकस्मिक बाढीले ठुलो विनाश निम्त्याएको छ । यस बाढीबाट हजारौं मानिस प्रभावित भएका छन्, जसमा थुप्रै भारतीय नागरिक पनि परेका छन् । यही बाढीमा भारतीय अभिनेत्री मानसी पारिख भने बाल-बाल जोगिन सफल भएकी छन् ।

हाल उनी कैलाश मानसरोवर यात्रामा छिन् । नेपालमा बाढीको खबर सार्वजनिक भएपछि अभिनेत्रीको सुरक्षालाई लिएर उनका प्रशंसकहरूले चिन्ता व्यक्त गरेका थिए । यद्यपि, उनले आफू पूर्ण रूपमा सुरक्षित रहेको जानकारी दिएकी छन् ।

उनले माउन्ट कैलाश यात्राका केही तस्बिरहरू सामाजिक सञ्जालमा सेयर गर्दै सुरक्षित रहेको जानकारी दिएकी हुन् ।

अभिनेत्री मानसीका अनुसार हाल उनी चीनको एक होटलमा बसिरहेकी छन् । उनले मानसरोवरको किनारमा ध्यान गरेपछि कैलाश पर्वत तर्फको यात्रा सुरु गरेकी हुन् । मानसीले सामाजिक सञ्जालमा एक भिडियो सेयर गरेकी छन्, जसमा उनी घोडा चढेर माउन्ट कैलाशतिर प्रस्थान गरिरहेको देख्न सकिन्छ । भिडियोमा उनले साधारण खाना खाएको र आफ्ना सहयात्रीहरूसँग रमाइलो समय बिताएका पलहरू पनि कैद गरिएको छ ।

मानसीले भिडियोको क्याप्सनमा तिब्बती संस्कृतिको बारेमा उल्लेख गर्दै लेखेकी छन्, 'तिब्बती संस्कृति अनुसार 'इयर अफ द हर्स' मा कैलाशको पैदल यात्रा गर्नु १३ पटक यात्रा गर्नु बराबर मानिन्छ १ यो वर्ष र यो यात्रा मेरो मनमा सधैं विशेष रहनेछ ।' यो 'इयर अफ द हर्स' प्रत्येक १२ वर्षमा एक पटक आउने गर्दछ ।

केही दिनअघि सेयर गरिएको अर्को भिडियोमा उनले मानसरोवरको किनारमा ध्यान गर्दाको आफ्नो अनुभव बाँडेकी थिइन् । उनले लेखेकी छन्, 'अन्ततः मानसरोवर पुगेर यसको किनारमा ४० मिनेट ध्यान गरें। हजारौं वर्षदेखि अटल रहेको त्यो दिव्य दृश्यलाई नियाल्ने अवसर पाएँ ।'

'हिन्दुस्तान टाइम्स' सँगको कुराकानीमा मानसीले नेपालको बाढीबाट आफू कसरी जोगिन सफल भएको भन्ने बताएकी छन् । बाढी आएको दिन उनी र उनका सहयात्रीहरू बस मार्फत नौदाना गइरहेका थिए, जहाँबाट उनीहरू अध्यागमन भवन पुग्नुपर्ने थियो । 'हामी त्यहाँ जान लागेका थियौं, तर अहिले त्यो भवन नै बाँकी छैन', उनले भनिन् 'हामी केवल २४ घण्टाको फरकले जोगियौं । त्यहाँ हामी पनि हुन सक्थ्यौं ।'

उनले ईशा फाउन्डेसनको तीर्थयात्री समूहबाट मात्रै ८० जना मानिसहरू बेपत्ता भएको जानकारी दिएकी छन् ।

मानसी आगामी सेप्टेम्बर १० मा नेटफ्लिक्समा रिलिज हुन लागेको वेब सिरिज 'चुम्बक' मा देखिँदैछिन् ।

## विनाशकारी बाढीको कहरले...

जलविद्युत् आयोजनाको सुरुङमा आठ जना हुन सक्ने आशंका गरिएको छ । माथिल्लो त्रिशूली-३ 'बी' बाट यसअघि ११ जनाको उद्धार भइसकेको छ ।

माथिल्लो त्रिशूली-१ मा रहेका ५७६ जनामध्ये २५४ जनाको उद्धार भइसकेको र करिब ३०० जना अझै सुरुङभित्र फसेको आशङ्का गरिएको छ । सो आयोजनामा चिनियाँ विशेषज्ञ र नेपाली सेनाको टोली परिचालन गरिएको छ भने चिलिमेमा भारतीय उद्धार विशेषज्ञ तथा नेपाली सेनाको टोलीले काम गरिरहेको छ ।

सुरुङ उद्धारमा सहयोग गर्न चीन र भारतबाट आएका विशेषज्ञले नेपाली उद्धार टोलीसँग सहकार्य गरिरहेका छन् ।

नेपालस्थित चिनियाँ दूतावासका अनुसार थप चिनियाँ सुरुङ उद्धार विशेषज्ञ आइतबार नेपाल आइपुगेका छन् । यसअघि शनिबार पाँच र आइतबार थप चार चिनियाँ उद्धारकर्मी नेपाल आएका हुन् ।

भारतबाट पनि शुक्रबार पाँच सदस्यीय सुरुङ उद्धार टोली घटनास्थलको रेकीका लागि आएको थियो । शनिबार थप १३ सदस्यीय भारतीय टोली नेपाल आएर उद्धार कार्यमा परिचालित भएको छ ।

विनाशपछि पनि जोखिम भने टरेको छैन । आइतबार बिहान भोटेकोशी नदीमा पुनः बाढी बढेपछि रसुवासहित तल्लो तटीय क्षेत्रमा त्रास फैलिएको थियो । केही समयपछि जलसतह घटेर सामान्यतर्फ फर्किए पनि जोखिम कायमै रहेको भन्दै खोज तथा उद्धारमा खटिएका सुरक्षाकर्मी र नदी आसपासका बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ ।

पहिलो बाढीले दिएको घाउ सुक्न नपाउँदै नदीमा फेरि आएको उर्लदो भेलले प्रभावित क्षेत्रका बासिन्दामा थप त्रास बढाएको छ । उद्धारको आशामा सुरुङतर्फ हेरिरहेका परिवारका आँखामा फेरि नदीको भेलको डर मिसिएको छ ।

**पहिचान नखुलेका शव व्यवस्थापन**

भोटेकोशी बाढीपछि पूर्वी नवलपरासीमा पर्ने नारायणी नदीमा फेला परेका २ सय १ वटा शवमध्ये आइतबार १ सय वटाको व्यवस्थापन गरिएको छ ।

कावासोतीको एउटा सामुदायिक वनमा ३८ वटा र देवचुली नगरपालिकाको दिव्य सामुदायिक वनमा ५४ वटा शव व्यबस्थापन गरिएको हो । अन्य ८ वटा शव पहिचानका आधारमा आफन्तलाई जिम्मा लगाइएको छ । मध्यविन्दु अस्पतालमा चिकित्सकले डीएनए परीक्षणको प्रक्रिया र पोस्टमार्टमको काम सकेपछि जंगलमा खाल्डामा लस्करै शव गाडिएको हो । सबै शवको संकेत चिन्ह (नम्बर) राखेर गाडिएको प्रहरीले जनाएको छ ।

**कोषमा पाँच अर्ब २४ करोड संकलन**

बाढी प्रभावितका लागि सरकारले सञ्चालन गरेको प्रधानमन्त्री दैवी प्रकोप कोषमा हालसम्म पाँच अर्ब २४ करोड ६९ लाख ४४ हजार रुपैयाँ संकलन भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार प्रधानमन्त्री दैवी प्रकोप कोष र प्रधानमन्त्री कोषमार्फत पीडितका लागि आर्थिक सहयोग जुट्ने क्रम बढेको छ ।

कार्यालयले 'उद्धार अनुरोध पोर्टल' सञ्चालन गरी यी कोषमा हालसम्म स्वदेश तथा विदेशबाट प्राप्त रकमको विवरण पूर्ण पारदर्शी रूपमा सार्वजनिक गरेको हो ।

प्रधानमन्त्री राहत कोषमा आइतबार मध्याह्नसम्म नौ वटा वाणिज्य बैंकका खातामा उक्त रकम संकलन भएको हो । हिमालयन र लक्ष्मी बैंकमा थप २१ लाख ४३ हजार २३२ अमेरिकी डलर जम्मा भएको छ ।

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

**खर्गा दन्त उपचार केन्द्र प्रा.लि.**

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी

९८४४३१२२४६

(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिबारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुन्निने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

## भोटेकोशी बाढीमा हराइरहेका...

यादव, ई विपीनकुमार मण्डल, श्रीकेश यादव, लोहारपट्टी गाउँपालिका युवराज पाण्डे, ओरही गाउँपालिका-९ का सचिनकुमार यादव, गौशाला नगरपालिका-६ का आदित्यनारायण यादव र बर्दिबास नगरपालिकाका विकास भारती सम्पर्कमा आएको प्रवक्ता ढकालको भनाइ छ ।

यस्तै, धनुषाको सबैला नगरपालिका लक्ष्मण मेहता, हंसपुर नगरपालिकाका दयावतीदेवी यादव, विजयकुमार यादव, सुरेश पजियार, जनकपुरधाम उपमहानगरपालिका-४ का रीतिक झा, विक्रम ठाकुर, जनकपुरधाम उपमहानगरपालिका-११ का सुशान्त यादव, सिरहाको गोलबजार नगरपालिका-१० का टार्जन बलम्पाकी, लहान नगरपालिका-४ का उमेश यादव र कञ्चनरुप नगरपालिका-८ का अजय मरिक पनि टेलिफोनमार्फत सम्पर्कमा आएको प्रहरीले जनाएको छ ।

मधेस प्रदेश प्रहरी कार्यालयले सम्पर्कविहीन भएकाहरुको विवरण सङ्कलन गर्न थालेको छ । बाढी तथा पहिरोपछि परिवार तथा आफन्तको सम्पर्कमा नरहेको भन्दै खोजीका लागि विवरण सङ्कलन गर्न थालिएको उहाँले बताउनुभयो । मधेसका विभिन्न जिल्लाबाट रोजगारी, व्यवसाय तथा अन्य कामका लागि रसुवा पुगेका नागरिक कसमेत विपद्को चपेटामा परेपछि परिवारजन चिन्तित बनेका छन् ।

## बाढीपीडितको...


रकमको आकारभन्दा विपत्तिमा पीडित नागरिकप्रति देखाइएको संवेदना, एकता र सहकार्य महत्वपूर्ण हो । व्यवसायीहरूले आफ्नो क्षमताअनुसार गरेको सहयोगले विपत्तिका बेला राहत तथा उद्धारमा राज्य र अन्य संघसंस्थाले गरिरहेका प्रयासमा थप सहयोग पुग्ने महासंघको विश्वास छ । महासंघले अभियानलाई निरन्तरता दिँदै मधेश प्रदेशका थप होटल तथा पर्यटन व्यवसायीलाई आफ्नो क्षमताअनुसार सहयोगमा सहभागी हुन आग्रह गरेको छ । हालसम्म सहयोग गर्ने होटल व्यवसायी, होटल संघ तथा सहयोगी संस्थाप्रति महासंघले आभार व्यक्त गरेको छ ।

## सरकार हरेक प्रभावित नागरिकको..

स्वब्ध र संवेदनशील छ । हामी कुनै पनि बहाना नबनाई सम्पूर्ण राज्य संयन्त्रलाई युद्धस्तरमा परिचालन गरेर प्रभावित क्षेत्रका प्रत्येक नागरिकको जीवनरक्षा र राहतमा अहोरात्र खटिरहेका छौं । नागरिकको सुरक्षा र अभिभावकत्व प्रदान गर्नु सरकारको सर्वोच्च दायित्व हो र यसलाई पूर्ण निष्ठाका साथ पूरा गर्न हामी प्रतिबद्ध छौं', उनले लेखेका छन् । प्रधानमन्त्री शाहले बाढी गए लगत्तै सरकारले प्रभावित क्षेत्रबाट पीडित नागरिकको उद्धारलाई तीव्र पारेको बताए । प्रतिकूल मौसम र विकट भौगोलिक परिस्थितिबीच पनि प्रभावित क्षेत्रबाट केहीबेर अघिसम्म नौ हजार ४३५ जनालाई हवाई र स्थलमार्गमार्फत उद्धार गरी सुरक्षित स्थानमा पुऱ्याएको उनले जनाए । साथै राहत तथा उद्धार कार्यका लागि आईतबार मात्रै थप ७२ सहित ३९४ उडान भरिसकेको अवस्था छ । प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल गरी २० हजार ६१८ सुरक्षाकर्मी खटिएका छन् । उद्धारमा अन्य स्वयंसेवक साथीहरु व्यापक रुपमा निरन्तर लागिरहेको प्रधानमन्त्री शाहको भनाइ छ ।

## भाइरल ज्वरोले थलियो...

हुने गरेको स्थानीय बताउँछन् । यस्तो अवस्थामा बालबालिकालाई उपचारका लागि बाहिर लैजानसमेत कठिन हुने गरेको उनीहरूको भनाइ छ । बरडाडाको स्वास्थ्य समस्याबारे जानकारी सार्वजनिक भएपछि बर्दिबास नगरपालिकाले तत्काल स्वास्थ्य टोली पठाएपनि खोलाको बाढीले गर्दा टुटेश्वरबाटै फर्किएको बताइएको छ । नगरपालिकाका प्रवक्ता विजयकुमार महतोले प्रभावित क्षेत्रमा स्वास्थ्य टोली पठाउने र आवश्यक उपचारको व्यवस्था मिलाउने बताए । नगरपालिकाले बरडाडामा नगर स्वास्थ्य केन्द्र स्थापना गर्ने तयारीसमेत भइरहेको जनाएको छ ।




**मटिहानी नगरपालिका**
धिरापुर, महोत्तरी

# कृष्णभीरको सडक विज्ञ टोलीको अध्ययनपछि मात्र मर्मत हुने

राष्ट्रिय समाचार समिति

*चितवन, भाद्र १४ गते ।*



पृथ्वी राजमार्गअन्तर्गत कृष्णभीरमा भासिएको सडक तत्काल मर्मत नहुने भएको छ । सडक विभागले विज्ञ टोली पठाएर अध्ययन गराएपछि मात्रै सडक कसरी मर्मत गर्ने भन्ने टुंगो लगाउने भएको हो ।

आइतबार बिहान सडक चिरिएर भासिएपछि सडक विभागले अध्ययनका लागि काठमाडौंबाट विज्ञ टोली कृष्णभीरतर्फ पठाएको छ । टोलीले सडक भासिनुको कारण र क्षतिको अवस्थाबारे अध्ययन गरेपछि साँझसम्म मर्मतको विधिबारे निर्णय हुने सडक विभागका महानिर्देशक डा. विजय जैसीले जानकारी दिए ।

नौबिसे-मुग्लिन सडक आयोजनाको पश्चिम खण्ड मुग्लिन-मलेखुका रेजिडेन्ट इन्जिनियर प्रभुराज पाण्डेका अनुसार सडक सामान्य रूपमा मर्मत गर्न सकिने अवस्थामा छैन । विसं २०५६ मा पहिरो गएको स्थानमा त्रिशूली नदीको बाढीले सडकको तल्लो भाग कटान गरेपछि सडक भासिएर चर्किएको हो ।

उनका अनुसार त्रिशूली नदीमा शनिबारको तुलनामा पानीको सतह करिब तीन मिटर बढेको छ। पानीको सतह घटेपछि जगबाटै पर्खाल लगाएर सडक उकास्ने वा अन्य विधिबाट मर्मत गर्ने भन्ने टुंगो लाग्नेछ ।

कृष्णभीरमा करिब २० मिटर लम्बाइको सडक आधाभन्दा बढी भाग भासिएको छ। करिब ६० मिटर अग्लो सडकको संरचनामा क्षति पुगेको पाण्डेले बताए । सडकको कुनाबाटै चिरिएकाले मर्मत कठिन भएको उनको भनाइ छ ।

'अहिले तत्कालै तल गएर हेर्न सक्ने अवस्था छैन । कति भाग तलबाट खोलिएको छ भन्ने पनि यकिन गर्न सकिएको छैन,' पाण्डेले भने ।

उनका अनुसार सो स्थानमा भित्तो काटेर सडक चौडा गर्न पनि कठिन छ । यसअघि वि.सं. २०५६ मा पहिरो गएपछि तलबाटै सडक उकासेर मर्मत गरिएको थियो भने भित्तातर्फ पहिरो रोकथामका काम गरिएको थियो ।

गत वर्ष पनि सोही स्थानमा सडक केही भासिएपछि मर्मतको काम भइरहेको थियो । मर्मतकै क्रममा पुनः सडक भासिएर चिरिएको हो ।

सडक विभागका महानिर्देशक जैसीका अनुसार तत्कालका लागि वैकल्पिक सडक प्रयोग गर्नुको विकल्प छैन । अन्य वैकल्पिक सडक संचालनमा रहेकाले यात्रुलाई सोही सडक प्रयोग गर्न उनले आग्रह गरेका छन् ।

# बाढीपीडितका घाउमा मलम लगाउँदै मधेशका होटल व्यवसायी

## प्रधानमन्त्री उद्धार कोषमा करिब ११ लाख सहयोग

द पब्लिक टुडे समाचारदाता

*बर्दिबास, भाद्र १४ गते ।*




भोटेकोशी क्षेत्रमा आएको भीषण बाढीबाट प्रभावित नागरिकहरूको पीडामा साथ दिन मधेश प्रदेशका होटल व्यवसायीहरू एकजुट भएका छन् । बाढीपीडितका लागि मधेश प्रदेशका होटल व्यवसायीहरूले करिब ११ लाख रुपैयाँ सहयोग गरेका हुन् ।

नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ, मधेश प्रदेशको पहलमा सञ्चालित अभियानबाट १० लाख ७९ हजारभन्दा बढी रुपैयाँ संकलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको हो । विपत्तिबाट प्रभावित परिवारको राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालन गरिएको अभियानमा मधेश प्रदेशमा आबद्ध होटल व्यवसायी तथा संघ सहभागी भएका छन् ।

अभियानमा भिस्वा होटल, पर्साले ५ लाख रुपैयाँ सहयोग गरेको छ । गौतम होटल, लालगढले १ लाख ५१ हजार, होटल हंसराज, धनुषाले १ लाख १० हजार, महोत्तरी होटल संघले १ लाख र सुजाता होटल, सर्लाहीले १ लाख रुपैयाँ सहयोग गरेका छन् ।

त्यस्तै होटल वेलकम, जनकपुरले ५१ हजार, राजु होटल, धनुषाले ५१ हजार, नमस्ते होटल, सर्लाहीले ११ हजार १११ तथा गोल्डेन ब्याङ्क्वेट, चन्द्रपुर, रौतहटले ५ हजार १०० रुपैयाँ सहयोग गरेको नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ, मधेश प्रदेशका अध्यक्ष हिरा गौतमले जानकारी दिए ।

अध्यक्ष गौतमले होटल तथा पर्यटन व्यवसाय आर्थिक गतिविधिमा मात्र सीमित नराखी सामाजिक उत्तरदायित्व वहन गर्ने क्षेत्रका रूपमा निरन्तर अघि बढिरहेको बताए । सोहीअनुसार विपत्तिको समयमा बाढीपीडितको राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउन अभियान सञ्चालन गरिएको महासंघले जनाएको हो ।

महासंघका अनुसार सहयोग

- *बाँकी पृष्ठ ३ मा*

# बाढीपछि करिब ८५ अमेरिकी नागरिक अझै बेपत्ता

राष्ट्रिय समाचार समिति

*काठमाडौं, भाद्र १४ गते ।*



नेपालको हिमालयको दुर्गम क्षेत्रमा विनाशकारी बाढी आएपछि भएको विपत्तिमा परी करिब ८५ अमेरिकी अझै बेपत्ता रहेका अमेरिकी विदेश मन्त्रालयले आइतबार जनाएको छ ।

विपद्पछि दुई हजार ५०० भन्दा बढी व्यक्तिहरू बेपत्ता रहेका छन् भने ७८१ जनाको मृत्यु भएको नेपाल सरकारका अधिकारीहरूले पुष्टि गरेका छन् । गत बुधबार बिहान हिलोसहित आएको बाढीले नेपालको रसुवा, नुवाकोट, धादिङ, गोरखालगायत जिल्लामा वस्तीहरूमा व्यापक भौतिक क्षति पनि पुगेको थियो ।

अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता टमी पिगटले एबीसीको टक शो 'दिस विक' लाई बताएअनुसार नौ जना अमेरिकीलाई उद्धार गरिएको छ र कुनै अमेरिकी नागरिकको मृत्यु भएको जानकारी उनीसँग छैन ।

उनले भने, "प्रकृतिक विपत्तिले क्षति पुऱ्याएको स्थानको दुर्गम अवस्थाले भरपर्दो जानकारी प्राप्त गर्न कठिन छ, तर हाम्रो समर्पण र प्रतिबद्धता यथावत छ ।"

संयुक्त राज्य अमेरिका र क्यानडा दुवैले राहत तथा उद्धारमा सघाउन ३६ लाख डलर सहायता दिने जनाएका छन् भने बेलायतले ६८ लाख डलर प्रस्ताव गरेको छ। संयुक्त राष्ट्रसङ्घले आपतकालीन कोषबाट २५ लाख डलर सहायता जारी गरेको छ ।

अमेरिकी सहयोगको केही भाग सडक मर्मत र दुर्गम क्षेत्रमा खाना तथा अन्य सहायता पुऱ्याउन 'विशेष यातायात विकल्प परिचालन' मा प्रयोग हुने पिगटले बताए ।

यो विनाश हिमताल भासिएका कारण भएको अमेरिकी भूगर्भ सर्वेक्षणले जनाएको छ । चिनियाँ विज्ञहरूले नेपालको लिरुङ शिखरको दक्षिणी ढलानमा रहेको 'हिमताल फुटेको' बताएका छन् ।

# भोटेकोशी बाढीमा हराइरहेका मधेस प्रदेशका ३० जना सम्पर्कमा

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, भाद्र १४ गते ।*

रसुवाको भोटेकोशीमा गएको बाढीमा हराइरहेकामध्ये मधेस प्रदेशका ३० जना परिवारको सम्पर्कमा आएका छन् ।

मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता एवं वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार बाढीमा परेर हराइरहेका मधेस प्रदेशका १९२ जनामध्ये आईतवारबिहानसम्म सो संख्यामा टेलिफोनमार्फत सम्पर्कमा आएका हुन् ।

हालसम्म सप्तरीका ४९, पर्साका ४०, रौतहटका १९, बाराका २५, सर्लाहीका १९, महोत्तरीका १७, धनुषाका १३ तथा सिरहाका १० जना सम्पर्कविहीन रहेको विवरण प्राप्त भएको प्रवक्ता ढकालले बताए ।

सम्पर्कविहीनमध्ये आईतवारसम्ममा पर्साको पोखरिया नगरपालिका ५ का ओजिर अन्सारी, वीरगञ्ज महानगरपालिका बस्दै आएका सिन्धुलीका ज्ञानबहादुर थिङ, बाराको कलैया उपमहानगरपालिका २२ का सत्यम राम, जितपुर सिमरा उपमहानगरपालिका-१२ का रोजितकुमार साह, स्वर्ण गाउँपालिका-३ का रुपेश गुप्ता सम्पर्कमा आएको प्रवक्ता ढकालले बताए ।

यस्तै, रौतहटको गढीमाई नगरपालिका-७ का मोविदा खातुन, सकिना खातुन, सलमान अन्सारी, रौतहटकै ईशनाथ नगरपालिका-४ का सेख मजिद, रौतहटको चन्द्रपुर नगरपालिका पवित्रा नेपाल सिलवाल र सम्राट सिलवाल पनि सम्पर्कमा आएको प्रवक्ता ढकालले बताए ।

त्यस्तै, सर्लाहीको लालबन्दी नगरपालिका-१ का बृजकिशोर दास, सुनिता दास, श्यामलाल मोक्तान, बागमती नगरपालिका-६ का दिपेश थापा, महोत्तरीको जलेश्वर नगरपालिका-१ का राकेशकुमार

- *बाँकी पृष्ठ ३ मा*

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रेस जनकपुरधाम, ग्रुप एडिटर : राजकरण महतो, सम्पादकः सन्तकुमार क्षेत्री